# पुस्तक समीक्षा

जान ब्रुन्सन । सन् २०१६ । *प्लानिङ फेमिलिज इन नेपाल : ग्लोबल एण्ड लोकल प्रोजेक्ट्स अफ रिप्रोडक्शन* । न्यू जर्से : रटगर्स युनिभर्सिटी प्रेस ।

अढाई शताब्दीअघि नेपाली राज्यको निर्माण भएदेखि नै जनता र शासकबीच विभिन्न खालका सम्बन्धहरू स्थापना भएका छन् । जमीन तथा अरू स्रोतहरूको वितरण र उपयोग सम्बन्धी कानूनी तथा संस्थागत परिपाटीको निर्माण मार्फत ती सम्बन्धहरू प्रस्फुटित हुँदै आएका छन् । त्यसै गरी, जनता बीचका आपसी सम्बन्ध पनि विभिन्न नीति-नियमहरू तथा तिनको कार्यान्वयन गराउने संस्थाहरूले स्थापित गराउँदै आएका छन् । यसरी हेर्दा बितेको अढाई शताब्दीको नेपाली राज्यको इतिहासलाई शासक र शासित बीचको बदलिँदो सम्बन्धको समयको रूपमा बुझ्न सकिन्छ । मानिसका निजी तथा पारिवारिक जीवनमा प्रत्यक्ष तथा परोक्ष दुवै खालका प्रभाव पार्ने यी सम्बन्धहरू विभिन्न समयमा विभिन्न रूपमा स्थापित हुँदै आएका छन् । जस्तै : कानूनी व्यवस्था, नीति-नियम, परियोजनाहरू, तिनलाई कार्यान्वयन गर्न बनाइएका संस्थाहरू र तिनका विभिन्न क्रियाकलापहरू । नेपाली राज्यको स्थापनादेखि सन् १९५१ मा राणा शासनको अन्त्य हुने समयसम्म राज्यले लिएका भूमि नीति, कर व्यवस्था, श्रम सम्बन्धी नियमहरू तथा विभिन्न जातजाति बीचको सम्बन्धका कानूनी व्यवस्थाहरूले पारिवारिक जीवनमा धेरै प्रभाव पार्दथे । सन् १९५१ सम्म पारिवारिक जीवनमा राज्यको सीधा हस्तक्षेप जाति व्यवस्थामा आधारित यौनसम्बन्ध सम्बन्धी विधि-विधान द्वारा हुने गर्थ्यो (होफर सन् १९७९) ।

राणा शासनको अन्य भएपछि नेपाली राज्य र नागरिक-प्रजा बीचको सम्बन्धमा फेरबदल आउन थाल्यो । बेठबेगारी गैरकानूनी भयो । कृषक माथिको अति करभार कम गरियो । समान नागरिकको औपचारिक व्यवस्थाले गर्दा जातजाति बीचका यौनसम्बन्ध सम्बन्धी पुरातन कानूनी व्यवस्था अवैधानिक भयो । यो उत्तर-राणा काल भनेको नेपाल र बाह्य संसार बीचको र नेपालभित्रै पनि विभिन्न ठाउँहरू बीचको बढ्दो अन्तर्क्रियाको समय थियो । शिक्षा तथा साक्षरता, औषधिमूलो, बिजुली, सञ्चारमाध्यम, सडक निर्माण तथा परिवार नियोजन लगायतका विभिन्न विकासे कार्यक्रमहरू तथा राज्य तथा गैर राजकीय संस्थाहरूको व्यापक विस्तारको समय पनि हो यो । नेपालका घर परिवारभित्र हुने सन्तानोत्पादनदेखि रोजीरोटीको व्यवस्था गर्ने निर्णयहरू अहिले यही परिवेशमा गरिन्छन् ।

मानवशास्त्री जान ब्रुन्सनको *प्लानिङ फेमिलिज इन नेपाल: ग्लोबल एण्ड लोकल प्रोजेक्ट्स अफ रिप्रोडक्सन*ले नेपालमा परिवार नियोजन परियोजनाहरूको विस्तारबारे चर्चा

गर्दै काठमाडौँ वरपरका विभिन्न जात तथा वर्गका हिन्दू महिलाहरूले परिवारको बनोटबारे कसरी र कस्ता निर्णय लिन्छन् भन्ने प्रश्नहरूको उत्तर खोजेको छ । मानवशास्त्रीहरू प्रायः आफूले अध्ययन गर्ने ठाउँको वास्तविक नाम खुलाउँदैनन् । ब्रुन्सनले पनि आफूले अध्ययन गरेको ठाउँलाई विष्णुपुर नामकरण गरेकी छन् ।

विष्णुपुर ज्यादै द्रुत गतिले बदलिँदै गरेको र संसारका अन्य ठाउँसँग जोडिँदै गरेको ठाउँ हो । अंग्रेजी संगीत, हलिउडका कलाकारका फोटो अंकित टी-शर्ट, नयाँ-नयाँ मोबाइल फोन, तथा बढ्दो घुमफिरले विष्णुपुरवासीलाई बृहत संसारसँग गाँस्दै लगेको छ । अरू ठाउँमा झैँ यहाँ पनि मानिसहरू परिवार बसाउने, बालबच्चा जन्माउने, तथा जीवन-चक्रको नियमित गतिसँग चल्छन् । यो फेरिँदो परिवेशमा छोरीको, बुहारीको वा सासूको भूमिका निभाउँदै गर्दा विष्णुपुरका महिलाहरूको जीवनचर्यामा के फेरियो त ? के-के कुरा उस्तै छन् ? महिलाहरूको यो फेरिँदो भूमिकामा सार्वजनिक वृत्तबाट परिवार नियोजन कार्यक्रम मार्फत बढ्दै गरेको हस्तक्षेपले के-कस्तो असर पारेको छ ? ब्रुन्सनले आफ्नो किताबमा यी प्रश्नका उत्तर खोजेकी छन् ।

ब्रुन्सनको किताब एक दशकभन्दा बेसी समयको अनुसन्धानको उपज हो । सन् २००० मा कीर्तिपुरका केही दर्जन महिलाहरूलाई उनीहरूले परिवार नियोजनका विभिन्न साधनहरू किन अपनाउँछन् भन्ने प्रश्नबाट उनले अनुसन्धान थालिन् । त्यसको केही वर्षपछि विष्णुपुरका हिन्दू महिलामाझ आफ्नो विद्यावारिधिको अनुसन्धान गरिन् । सन् २०१० मा विष्णुपुरकै ३५ युवकहरूसँग नयाँ नेपालबारे तिनको विचार तथा परिवारमा तिनका बदलिँदो भूमिकाबारे अनुसन्धान गरिन् ।

किताबको परिचय खण्डमा अनुसन्धानका केही घटनाक्रम, नेपालमा यस विषयमा अनुसन्धान गर्ने निर्णय गर्नुपर्ने कारण, तथा केही सैद्धान्तिक अवधारणागत कुराहरूमा केन्द्रित छ । पहिलो अध्यायले विष्णुपुरे महिलाको जात, वर्ग तथा लैंगिक पहिचानहरू कसरी आपसमा घुलमिल भएका छन् भन्ने देखाउँछ । खास गरी, थरीथरीका सामाजिक विभाजनमाथि प्रकाश पार्दै ब्रुन्सनले "नेपाली महिला" जस्तो एकांगी अवधारणालाई चुनौती दिएकी छिन् । यसको साथसाथै पहिचानहरू फेरबदल भैरहने हुनाले गहिरो तथा लामो समयको अनुसन्धानको आवश्यकता पर्ने कुरा पनि उनी औँल्याउँछिन् ।

आफ्नो एक दशकभन्दा बेसीको अनुसन्धान तथा महिलाहरूसँग तिनका लामो विगतबारे उनले लिएका अन्तर्वार्ताबाट महिलाहरूको छोरी, बुहारी तथा सासूका भूमिकाहरूमा के-कस्ता फेरबदल आउँदैछन्, र के कुरा उस्तै छन्, भन्ने जान्न मद्दत गरेको छ । "कुम्हालेको चक्रजस्तै" भन्ने चट्ट मिलेको शीर्षक भएको दोस्रो अध्यायमा यी कुराहरूको विश्लेषण गरिएको छ । अहिले पनि महिलाहरू विवाह भएपछि आफ्ना बाबुआमाको घरबाट श्रीमान्को घर जान्छन् । छोराछोरी जन्माउने निर्णय लिँदा उनीहरूले परिवारका अरू

सदस्यहरूको विचार पनि सुन्नु पर्छ । यी परिवेश पहिले जस्तो नै देखिन्छ । तर, परिवारको जीवन खेतीपातीबाट बाहिरिँदो छ । छोराछोरीहरूले खेतीमा भविष्य देख्न छाडेका छन् ।

विष्णुपुरका महिला तथा पुरुषहरूले आफ्ना जीवनका निश्चित कालखण्डमा सन्तानोत्पादन सम्बन्धी निश्चित निर्णय लिन्छन् । तर यी निर्णयमा अरू धेरै तत्त्वले पनि प्रभाव पार्दछ । नेपाली राज्यका विभिन्न निकायहरू, थरीथरीका अन्तर्राष्ट्रिय संस्थाहरू, मानवाधिकार संगठनहरूको पनि सन्तानोत्पादन सम्बन्धी पारिवारिक निर्णयमा चाख बढ्दै गएको छ । दुई सन्तान, सुखी परिवार भन्ने विचारको प्रवर्द्धनमा यी यावत संस्थाहरू धेरै वर्षदेखि संलग्न हुँदै आएका छन् । सन् १९७० को दशकमा एक छोरा एक छोरी भन्ने सोचबाट शुरू भएर अहिले छोरा वा छोरी जे भए पनि दुई सन्तान हुनुलाई आदर्श परिवारको रूपमा प्रस्तुत गर्न थालिएको छ । किताबको तेस्रो अध्यायमा विष्णुपुरका महिलाहरूले यस्तो आदर्श परिवार सम्बन्धी विचार हावी भएको सन्दर्भमा लिने सन्तानोत्पादन सम्बन्धी निर्णयको जटिलताबारे विश्लेषण गरिएको छ ।

चौथो अध्यायमा छोरा नै चाहिने महिलाहरूको सोच र छोराहरूको परिवारमा आफ्नो भूमिकाबारे चर्चा गरिएको छ । अन्तर्वार्ता तथा अनौपचारिक कुराकानीमा महिलाहरूले भनेअनुसार मृत्यु पछिको संस्कारका लागि छोरै चाहिने चलन नै परिवारमा छोराको आवश्यकता महसूस हुनुको प्रमुख कारण थियो । तर वास्तवमा महिलाहरूका लागि चाहिएको थियो, घरको जिम्मेवारी सम्हाल्ने बुहारी । बुढेसकालमा छोराले हेर्ला भन्ने सोच ती महिलाहरूले राखेका थिए । ब्रुन्सनले कुराकानी गरेका धेरैजसो युवकहरूले पनि आफ्नो पारिवारिक भूमिका त्यस्तै हुने बताएका थिए । ब्रुन्सनका अनुसार, "अन्ततः युवकहरूले परिवारलाई द्रुत गतिमा हुँदै गरेको परिवर्तनको प्रभावबाट ओत लाग्ने ठाउँका रूपमा हेरे र तिनका आफ्नै पारिवारिक भविष्य तिनका आमाहरूले सोचेको भन्दा खासै भिन्न देखिन्नथ्यो" (पृ. १६) ।

पुस्तकको अन्तिम अध्याय स्वतन्त्रता, छनोट, विशिष्टता तथा सर्वव्यापकता जस्ता सैद्धान्तिक अवधारणाहरूको छलफलमा केन्द्रित छ । उदाहरणका लागि, विवाहपछि पुरुषको घर जानुपर्ने चलनलाई कसरी सम्बोधन गर्ने ? एकातिर यसले परिवारमा महिलाको पुरुषभन्दा तल्लो स्थानको संकेत गर्छ । बुहारी भए पनि सासू भए पनि आखिर दुवै पुरुषकै घर आएकै हुन् । यस सन्दर्भमा "स्वतन्त्रता" वा "छनोट" भन्ने अमूर्त र निरपेक्ष चिन्तनभन्दा छनोट पछाडिका वास्तविक अवस्थाबारे सोच्नुपर्ने कुरामा ब्रुन्सन जोड दिन्छिन् । उनी थप्छिन्, "महिलाहरूलाई नैतिक जिम्मेवारीले भरिपूर्ण सन्तानोत्पादन सम्बन्धी निर्णय गर्नसक्ने स्वतन्त्र कर्ताहरूको रूपमा बुझ्नु ठूलो भूल हुन्छ, तथा तिनीहरूसँग यसबारेमा आफ्नो निर्णय गर्ने क्षमता छ भनेर कल्पना गर्नु सतही हुन्छ, मानौँ तिनीहरू कुनै दिन लगाउने सारी छान्दैछन्" (पृ. १२५) ।

विष्णुपुरको विस्तृत विवरण भए पनि यस किताबमा परिवार नियोजन परियोजनाको सीमित चित्र मात्र प्रस्तुत गरिएको छ । भौगोलिक रूपले गाँसिएका संस्थागत तथा भौतिक सञ्जालबारे यसमा उत्तिको व्याख्या गरिएको छैन । रेडियो तथा टेलिभिजन कार्यक्रम, नेताका भाषण, पोस्टर, पम्प्लेट, अनेकौँ कार्यशाला गोष्ठी, सभा-सम्मेलन, साक्षरता कक्षा, स्कूले किताब, परिवार नियोजनका साधन वितरण केन्द्र, तथा स्थायी बन्ध्याकरण शिविरहरू पारिवारिक जीवनका निर्णयलाई प्रभाव पार्ने तत्त्वहरू हुन् (भट्टराई सन् २००४) ।

महिलाहरूलाई स्थानीय सूचनादाताको रूपमा किताबमा बेसी हेरिएको छ । तर नेपालमा लामो समयदेखि यस किताबले उठान गरेका धेरै विषयहरूमा महिला तथा पुरूष, नारीवादी तथा गैरनारीवादी दुवैमाझ छलफल हुँदैआएको छ । यस्ता धेरै छलफल प्रायः अंग्रेजी-इतर भाषामा हुने गरेका छन् । *छापामा महिला* (वन्त, गौतम र बास्कोटा सन् १९९९) त्यसको एउटा राम्रो उदाहरण हो । यो बिडम्वना नै हो, एक दशकभन्दा बेसी समय नेपालमा अनुसन्धान गरेकी ब्रुन्सनले गैरअंग्रेजी भाषाका एउटै कृति आफ्नो बहसका लागि योग्य ठानिनन् ।

यी केही सीमाका बाबजुद खास गरी पारिवारिक हिसाबले अपूर्व परिवर्तनबाट गुज्रँदै गरेको नेपाल बारेको यो बौद्धिक हस्तक्षेप स्वागतयोग्य छ । यस किताबले उम्दा मानवशास्त्रीहरूलाई गहिरो अवलोकनको मानवशास्त्रीय विधिबारे मनग्य खुराक पनि दिन्छ । उदाहरणका लागि, "एक वा दुई तले घरका छानामाथि देखिने फलामे छडहरू" के हुन् ? ब्रुन्सनको जवाफ, "एउटा संकेत कि त्यस परिवारले अर्को तला थप्ने खर्च धान्न सकेन तर कुनै बेला अर्को तला थप्ने इच्छा भने राखेको छ" (पृ. १८) । यही नै हो मानवशास्त्रीय अवलोकनको शक्ति !

## सन्दर्भ सामग्री

भट्टराई, अनिल । सन् २००४ । जनसंख्या नियन्त्रण । *नेपालको सन्दर्भमा समाजशास्त्रीय चिन्तन* । मेरी डेशेन र प्रत्यूष वन्त, सं., पृ. ३९२–४१७ । ललितपुर : सोसल साइन्स बहाः ।

वन्त, प्रत्यूष, शोभा गौतम र अमृता बाँस्कोटा, सं. । सन् १९९९ । *छापामा महिला* । काठमाडौँ : नेपाल प्रेस इन्स्टिच्यूट ।

Höfer, András. 1979. *The Caste Hierarchy and the State in Nepal: A Study of the Muluki Ain of 1854.* Innsbruck: Universitätsverlag Wagner.

**अनिल भट्टराई**
युनिभर्सिटी अफ टोरन्टो